STUDY JAPAN
६ महिना tuition fees & Hostel
गरि रू.492960।- मात्रमा प्रोशेस गर्न सकिने
Intake: October/Jan
✧Free NAT/JLPT classes ✧Pay after visa
✧100% Part Time Job support ✧Full support in Japan
✧+12 & above can apply ✧Scholarship available
✧Translation & Documentation ✧NAT/JLPT not required
✧School & Location of your Choice
✧NAT/JLPT classes are running by language expert
Hurry up limited seat only
NADESHIKO Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware को)
977-61-522668, 533421,9805877868

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily
वर्ष ५ ○अंक २५८ ○श्रेणी 'क' ○२०७१ असार १६ गते सोमबार ○ 30 June, 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

5th EPS TOPIK कोरियाको लागि
कोरियन भाषा
✓दक्ष तथा अनुभवी प्रशिक्षक ।
✓EPS-TOPIK परीक्षा सम्बन्धी निःशुल्क परामर्श ।
✓सस्तो तथा भरपर्दो HOSTEL को व्यवस्था ।
✓FREE books with cd
✓Regular class/ Mock test
✓गुणस्तरीय आउनेहरुलाई विशेष छुट ।
Hurry Up!!
PLATFORM
INT'L EDUCATION
Prithivi Chowk,Pokhara
Ph: 061-541104

काग्रेस नेतृत्वको सरकारद्वारा नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक

उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य

गोल्डेन न्यूज संवाददाता
काठमाडौं १५ असार ।

नेपाली काग्रेस नेतृत्वको सरकारले नयाँ आर्थिक वर्ष २०७१/०७२ का लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । सरकार प्रमुख एवं प्रधानमन्त्री सुशिल कोइरालाा उपस्थित नभएपनि आइतबार व्यवस्थापिका संसदमा राष्ट्रपति डा.रामवरण यादवले नयाँ आर्थिक वर्षका लागि सरकारको नीति तथा कार्यक्रम घोषणा गरेका छन् । उक्त नीति तथा कार्यक्रमकाथि यहि असार १७ गतेदेखि छलफल हुने भएको छ । नीति तथा कार्यक्रममाथि सांसदहरुले बोल्नेक्रम साँझए लगतै उनीहरुले उठाएको जिज्ञासा र प्रश्नको प्रधानमन्त्रीको समेत कार्यभार सम्हालेका उपप्रधानमन्त्री एवम् गृहमन्त्री बामदेव गौतमले जवाफ दिने बताइएको छ ।


नयाँ आर्थिक वर्षको नीति तथा कार्यक्रम सार्वजनिक गर्न जानेक्रममा संविधानसभा भवनमा राष्ट्रपति डा. रामवरण यादव । तस्वीर : रासस

राष्ट्रपति डा. यादवले प्रस्तुत गरेको बजेटमा सरकारले समग्र आर्थिक विकासका लागि उच्च दरको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्यका साथ आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ । आगामी आर्थिक वर्षभित्र स्थानीय निकायको निर्वाचन, मुलुकलाई सामाजिक एवम् आर्थिक रूपमा समृद्ध बनाउन, ऊर्जा, पूर्वाधार विकास निर्माणका सम्भाव्यताहरूको अधिक उपयोगलाई उच्च प्राथमिकता दिइएको छ । एकसय छ वुँदे नीति तथा कार्यक्रममा कृषिको उत्पादकत्व वृद्धि, औद्योगिक क्षेत्रको सुधार, व्यापार घाटा सन्तुलन, सार्वजनिक-निजी-साझेदारी,राष्ट्र निर्माणको महाभियानमा १० लाख स्वयम्सेवी परिचालन, कर प्रणालीमा समयानुकुल संशोधन एवम् सन् २०२२ सम्ममा अतिकम विकसित राष्ट्रबाट विकासशील मुलुकमा रुपान्तरण गर्ने अठोट लिइएको छ । त्यसैगरी वेपत्ता पारिएका व्यक्तिको छानविन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको शीघ्र गठन, सार्वजनिक खर्चलाई नतिजामा आवद्ध गर्दै चालु खर्चलाई वाञ्छित सीमाभित्र राखी बजेट विनियोजनमा प्रभावकारिता सुनिश्चित गर्ने, मूल्यअभिवृद्धि कर र आय करलाई राजस्वको प्रमुख स्रोतको रुपमा विकास गर्ने, भ्रष्टाचार नियन्त्रण, सुशासन प्रवर्द्धनका साथै मानवअधिकार संरक्षणलाई जोड दिइएको छ ।

आधारभूत स्वास्थ्य सेवाको अधिकार सुनिश्चित गर्ने नयाँ स्वास्थ्य नीति तर्जुमा, भेरी र जनकपुर अञ्चल अस्पतालमा मुटुरोगको उपचार सेवा, स्वस्थ महिला र बच्चा, स्वस्थ जनशक्तिको आधारशिला कार्यक्रम कार्यान्वयन, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति, गौतमबुद्ध विमानस्थल विस्तार, पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल क्षमता सुदृढीकरण, जलविद्युत, विद्युत् प्रसारण लाइन, राजमार्ग निर्माण, रणनीतिक सडक सञ्जाल,पुलपुलेसा, रेल्वे, हवाई मैदान, ठूला सिंचाई र सुक्खा बन्दरगाह, विशेष आर्थिक क्षेत्र सञ्चालनका साथै सार्वजनिक खरिद प्रक्रियालाई सहज बनाउन सामयिक संशोधन,कृषिको आधुनिकीकरण, सहकारी एवम् करार खेतीलाई पनि नीति तथा कार्यक्रममा उत्तिकै प्राथमिकता दिइएको छ ।

मुस्कानसहितको प्रहरी सेवा, प्राविधिक जनशक्ति गाउँमा खटाउन दुर्गम क्षेत्र स्वास्थ्य जनशक्ति विशेष कार्ययोजना कार्यान्वयन, पूर्वाधार निर्माणमा नेपाली सेना परिचालन, नेपाली सेनालाई आवश्यक पर्ने भौतिक पूर्वाधारको व्यवस्था गर्न बडुकरबाट ब्यारेक कार्यक्रमको निरन्तरता, सबै नेपालीलाई निजको पहिचान हुने नम्बरसहितको बायोमेट्रिक स्मार्ट कार्डको रुपमा राष्ट्रिय परिचयपत्र वितरण, मुलुकका सबै जिल्ला र विदेशस्थित नेपाली नियोगबाट अनलाइन सेवा मार्फत राहदानी दरखास्त दर्ताको थालनी, सहकारी हाम्रो साझेदारी कार्यक्रम अर्न्तगत कृषि, पशुपालन, कृषिजन्य प्रशोधन उद्योगहरुको स्थापनालाई प्राथमिकता दिइएको छ । त्यसैगरी श्रमजीवी पत्रकारहरुको सेवा सर्त र सुविधासम्बन्धी विद्यमान कानुनको कार्यान्वयन, २५ जिल्लामा गरिब घरपरिवार परिचयपत्र वितरण, सुरक्षण मुद्रण, सामाजिक सञ्जाल र अनलाइन मिडिया व्यवस्थित गर्न कानुनी व्यवस्था, प्रेस काउन्सिल ऐन संशोधनका साथै निजमती सेवालाई जनमैत्री, उत्तरदायी र आकर्षक तुल्याउने नीति तथा कार्यक्रममा उल्लेख छ । यस्तै कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गर्न सामूहिक सहकारी र करार खेतीलाई प्रोत्साहन गर्ने भएको छ । सरकारको आव २०७१/०७२ को नीति तथा कार्यक्रममा त्यसपूर्वकारका खेतीलाई प्रोत्साहन गर्न लागिएको हो ।

यस्तै काठमाडौं-तराई-मधेस द्रुतमार्ग निर्माण गरिने, मिथिला क्षेत्र सडक सुधार एवम् बृहत् जनकपुर परिक्रमा सडक निर्माण गरिने भएको छ । सरकारले आगामी तीन वर्षमा सम्पूर्ण नेपालीलाई आधारभूत खानेपानी तथा सरसफाइ सुविधा पुऱ्याउने गरी चालु र पुनःनिर्माण गर्नुपर्ने आयोजना दूत गतिमा अघि बढाइने छ ।

मेलम्ची खानेपानी आयोजनाको सुरुड एवम् पानी प्रशोधन केन्द्र निर्माणलाई थप तीव्रता दिई निर्धारित समयमा पुरा गरिने उल्लेख छ । यसैगरी सरकारले वन तथा जैविक विविधताको संरक्षणका लागि वन दशक घोषणा गरी 'एक घर एक रुख, एक गाउँ एक वन तथा एक नगर अनेक उद्यान' कार्यक्रमलाई राष्ट्रिय अभियानका रुपमा अगाडि बढाउने भएको छ । नीति तथा

बाँकी २ पृष्ठमा.....

'नीति तथा कार्यक्रम कर्मकाण्डी'

सरकारले आगामी आर्थिक वर्ष २०७१/०७२ का लागि प्रस्तुत गरेको नीति तथा कार्यक्रमलाई प्रतिपक्षी दलहरुले निरस र कर्मकाण्डीको संज्ञा दिएका छन् । राष्ट्रपति डा. रामवरण यादवले व्यवस्थापिका संसदको बैठकमा आज प्रस्तुत गरेको नेपाल सरकारको नीति तथा कार्यक्रमलाई प्रतिपक्षी दलका नेताहरुले परम्परावादी र नीरस भएको प्रतिक्रिया दिए । नेकपा माओवादीका वरिष्ठ नेता डा. बाबुराम भट्टराईले सरकारको नीति तथा कार्यक्रममा कुनै नवीनता नभएको बताए । "यो विल्कुल परम्परावादी र कर्मकाण्डी ढंगले आएको छ" डा. भट्टराईले भने । उनले संक्रमणकालबाट गुज्रिरहेको नेपाली समाजलाई तिव्रगतिमा रुपान्तरणको दिशामा लानका लागि जुन क्रमभङ्गताको आवश्यकता छ त्यो नीति तथा कार्यक्रममा नभल्किएको बताए । "यो नीति तथा कार्यक्रमले खासै नेपाली जनता र राष्ट्रका हितमा तात्विक अन्तर ल्याउने ढंगले काम गर्न सक्छ भन्ने हामीलाई अनुभूत छैन," नेता डा. भट्टराईले भने । राप्रपा, नेपालका अध्यक्ष कमल थापाले नीति तथा कार्यक्रम सरसर्ती सुन्दा अत्यन्त नीरस र निराशाजनक रहेको टिप्पणी गरे । **सत्तापक्षको प्रतिक्रिया** : नेकपा एमाले संसदीय दलका नेता केपी शर्मा ओलीले आफ्नो दल सरकारमा रहेको पार्टी भएकोले सकारको नीति तथा कार्यक्रममा जोडदार समर्थन गर्दछु भने । उनले नीति तथा कार्यक्रम बजेट प्रस्तुत गरेजस्तो र थोरै परम्परावादी भएको टिप्पणी गरे । "नीति तथा कार्यक्रम नेपाली काँग्रेसकै हो, नेपाली काँग्रेसले बढी तयार गरेको जस्तो देख्छु तर हाम्रो पनि सरकारमा सहभागिता छ," नेता ओलीले भन्नुभयो । एमालेकै अर्का नेता भीम रावलले नयाँ गति दिने ढंगले कुनै कार्यक्रम अघि सारेको नपाएको बताए । नेपाली काँग्रेसका कार्यवाहक सभापति रामचन्द्र पौडेलले नीति तथा कार्यक्रमले सुशासन र विकासका लागि एउटा संकेत दिएको छ, बजेट मार्फत यसलाई सम्बोधन गरी कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिए ।

असारे रोपाइँ महोत्सव उल्लाषमय

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ असार ।

पोखरामा आयोजना गरिएको असारे रोपाई महोत्सवमा स्वदेशी तथा विदेशी पर्यटक रमाए । पोखरा पर्यटन परिषदले विगत एक दशदेखि आयोजना गदै आएको महोत्सव यस पटक ११औं असारे रोपाई महोत्सव पोखरा–१३ बाँझापाटनस्थित कमलपोखरीका कृषक लोकबहादुर कार्की र रमेशबहादुर कार्कीको खेतमा आयोजना गरिएको थियो । हरेक वर्ष फरक-फरक ठाउँमा गरिदै आईएको महोत्सव यस पटक काँडे किनारमा रोपाई महोत्सवमा आयोजना गरिएको थियो । खेतको आलीमा बसेका बाउसे र रोपाहारको गीतमा रमाउदै पर्यटक दही र चिउराको स्वादमा रमाए ।

पोखरा सबै मौसमका लागि ! भन्ने नारा सहित ११औं असारे महोत्सवमा स्वदेशीदेखि विदेशीहरु रमाए । गोल्डेन न्यूज दैनिक संग कुरा गर्दै पोखरा पर्यटन परिषदका पूर्व अध्यक्ष टिकाराम सापकोटाले सहरी क्षेत्रमा रहेका खेतीयोग्य जग्गा प्लटिड गरेर घडेरीमा परिणत भएपछि असारको महत्व हराउने होकी भन्ने चिन्ताले यस्ता महोत्सव आयोजना गरि संस्कृतिको जगेर्ना गर्नुपर्ने बताए । विदेशी पर्यटकहरुले नेपालको नाम सुनेपनि असारे रोपाईको बारेमा जानकारी नभएको तर प्रत्यक्ष हेर्न पाउँदा भने खुशी लागेको प्रतिक्रिया दिएका थिए । अष्ट्रेलियाका डेनीसले हिलोमा खेल्दा अत्यन्तै रमाईलो लागेको प्रतिक्रिया दिदै भने-'नेपालको संस्कृति अत्यन्तै उत्कृष्ट छन् । धानको बीउ रोपेको हामीलाई सबै भन्दा नौलो लाग्यो फेरी अर्को वर्ष पनि आउने छु, नेपाल राम्रो छ ।' महोत्सवमा खेतको आलीमा बसेकाहरुलाई हिलो छ्यापा, छेउमा बस्नेहरु भागदौड गर्दा वातावरण निकै रमाञ्चित बनेको थियो । रोपाहारले हातमा धानको बीउ लिदै हिलोमा छ्पुछ्पु धान रोप्दै असारे गीत गाउँदा महोत्सवस्थल नै पूर्ण संगीतमय बनेको थियो । यसका साथै पञ्चेबाजा र भजन चुटकाले समेत महोत्सव निकै उल्लासमय थियो । 'पोखरामा खेतीयोग्य जमिन प्लटिडले हराउँदै गएका छन् । कास्की जिल्लामा भण्डै २६ हजार १ सय ६७ हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको छ ।'-महोत्सवको उद्घाटन गर्दै क्षेत्रीय प्रशासक अर्जुनबहादुर कार्कीले भने । कार्की कृषि, पर्यटन र जलस्रोतको विकास बिना नेपाल समृद्धितर्फ लम्कन नसक्ने बताए । उनले नेपालमा कृषिलाई व्यवसायिक र वैज्ञानिकरण गर्दै लैजानुपर्नेमा जोड दिए । कार्यक्रममा पर्यटन परिषदका सदस्य टीकाराम सापकोटा, परिषदका सल्लाहाकार गणेशबहादुर भट्टराई, परिषद अध्यक्ष सूर्यबहादुर भुजेल लगायतले असारे रोपाई महोत्सवले पर्यटन प्रवद्धनसगै नेपाली संस्कृतिलाई अन्तर्राष्ट्रिय करण गर्न प्रचार प्रसार गर्नुपर्नेमा जोड दिएका थिए ।

यसैगरी असारे १५ अर्थात् धान दिवसको अवसरमा पोखरा ८ स्थित शिवालय मन्दिर संरक्षण समिति एवं वात्स्यायन बृद्धाश्रमद्वारा असारे महोत्सव तथा सम्मान कार्यक्रम सम्पन्न भएको छ । धानखेतीमा आधुनिकीकरण, खाद्यान्न आयातमा न्यूनीकरण भन्ने नेपाल सरकारको वर्ष नारालाई सार्थकता दिन तथा बृद्धाश्रमका बृद्धबृद्धाहरुलाई भोजन गराउने उद्देश्यले शिव मन्दिर परिसरमा रहेको जग्गामा रोपाई गरी

***बाँकी अन्तिम पृष्ठमा*.....**

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अब अनलाइनमा पनि
Log on : www.goldennews.com.np

पोखरा विश्वविद्यालय
स्कूल अफ डेभलपमेन्ट एण्ड सोसियल इन्जिनियरिङ्गको
छात्रवृत्ति सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मिति : २०७१/३/१३

पोखरा विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत स्कूल अफ डेभलपमेन्ट एण्ड सोसियल इन्जिनियरिङ्गमा Master in Population, Gender and Development (MPGD) कार्यक्रममा निःशुल्क छात्रवृत्तिको लागि खुल्ला प्रतियोगिताबाट ६ जना उम्मेदवार छनौट गर्नुपर्ने भएकोले दरखास्त आव्हान गरिएको छ ।

छात्रवृत्ति दरखास्तका लागि देहाय बमोजिमको योग्यता र शर्तहरु पुरा भएको हुनुपर्नेछ ।
१. उम्मेदवार नेपाली नागरिक हुनुपर्नेछ ।
२. सार्वजनिक विद्यालयमा अध्ययन गरि एस.एल.सि. पास गरेको हुनुपर्नेछ ।
३. कुनैपनि विषय लिई सो विषयमा दोस्रो श्रेणीमा वा सरह दृष्ण प्राप्त गरि स्नातक तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।
४. स्नातक तह उत्तीर्ण भएको मितिले २ वर्ष अवधि ननाघेकोले मात्र दरखास्त पेश गर्न सक्नेछन् ।

परीक्षा वस्तुर : ४०० (चार सय मात्र) **दरखास्त दिने अन्तिम मिति:** २०७१।०३।३२
परीक्षा हुने मिति: २०७१।०४।०५ **परीक्षाको किसिम:** लिखित वस्तुगत
लिखित परीक्षाको समय: विहान ११:०० बजे देखि दिउसो २:०० बजेसम्म (तीन घण्टा)
लिखित परीक्षाको किसिम: अंग्रेजी ४० अंक, क्वान्टिटेटिभ् एबिलिटि २५ अंक, लजीकल रिजनिङ्ग २५ अंक, जनरल अवेरनेस ६० अंक गरि कुल १५० पूर्णङ्कको परीक्षा हुनेछ ।
परीक्षा केन्द्र: पोखरा विश्वविद्यालय, स्कूल अफ डेभलप्मेन्ट एण्ड सोसियल इन्जिनियरिङ्ग प्राङ्गिक भवन, खुदी, लेखनाथ, कास्की ।

दरखास्त फारम तथा विस्तृत जानकारीका लागि
पोखरा विश्वविद्यालय
स्कूल अफ डेभलप्मेन्ट एण्ड सोसियल इन्जिनियरिङ्ग
लेखनाथ-१२, खुदी, ढुङ्गेपाटन, कास्की ।
फोन नं.: ०६१-५६१६९९

घर भाडामा
पोखराको महेन्द्रपुल नजिकै नयाँबजारमा रहेको सुविधा सम्पन्न घर भाडामा छ । वित्तीय संस्था, कन्सल्टेन्सी तथा कार्यालयका लागि आवश्यक केही पूर्वाधार तथा डेकोरेशन समेत दुईवटा सटर सहितको भुइँ तल्ला र पहिलो तल्ला भाडामा लिन चाहनेहरुले तुरुन्त सम्पर्क गर्नुहोला ।
सम्पर्क :
०६१-५२१४७४, ५८५६०२०६०१(योगेन्द्र)

Accounting & Banking Training
MATCOSC मै किन ?
यस क्षेत्रमा नै सबैभन्दा पहिलो विगत १२ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा न्यारेन्टीका साथ Job गर्नका लागि ।
Manual Accounting:
❖Business Accounting
(Hotel, Bank, NGO, School, Company)
❖VAT, Income Tax, Banking
Computrized Accounting:
❖Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO
Free Admission, Certificate & Training Meterial
Mega Offer for +2, BBA/BBS Student
Contact :
MATCOSC
(Management Training & Consultant Service Centre)
Mahendrapool, pokhara (Tika Bhawan)
Ph. no: 061-540297, 9846384533

कौणिन्य गोत्रीय आचार्य बन्धुहरुको
कुल पूजा सम्बन्धी सूचना
जुम्ला जिल्ला जन्म थलो भई हाल मुख्य वासस्थान कास्की जिल्ला भरतपोखरी गा वि स वडा नं ७ मा वासस्थान भएका कौणिन्य गोत्रिय आचार्य वन्धुहरुको कुल पूजा निम्न मिति र स्थानमा हुन लागेको हुँदा सम्पूर्ण भाई वन्धुहरुलाई उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।
मिति : २०७१ असार १८ गते बुधबार
स्थान : वरविर्ता स्थित कुल देवताको मन्दिर
आयोजक
कौणिन्य गोत्रीय आचार्य भरतपोखरी गा.वि.स.

थकाली भान्छाघर विक्रीमा
पोखराको महेन्द्रपुल नजिकै नयाँबजारमा अत्यन्तै चालु अवस्थामा रहेको थकाली भान्साघर डेकोरेशन र अन्य सम्पूर्ण सामान सहित विशेष कारणवस तुरुन्त विक्रीमा छ ।
सम्पर्क : ०६१-५३८४११, ५८५६०३०७८७(वसन्त)

सार्वजनिक सम्पत्तिमा प्रत्येक नागरिकको हक छ, त्यसको दुरुपयोग दण्डनीय अपराध हो ।
नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

■ अरुको भनाइ अनुसार सधैं नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिँड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। **- सेक्सपियर**

सम्पादकीय . .

संविधान निर्माणमा ध्यान केन्द्रित गर

दोस्रो संविधानसभा निर्वाचन सम्पन्न भएको करिब ८ महिना बितिसकेको छ। एक वर्षमा संविधान दिन्छौं भनेर चुनाउमा होमिएका नेताहरू यतिबेला संविधानसभा बैठक छाडेर देश दौडाहा एवं आ-आफ्ना काममा मस्त देखिएका छन्। यो सम्मकी सभासदहरू संविधानसभा बैठकमा हाजिरमात्र गरेर दिनहुँ बाहिरिने गरेका छन्। संसिवधान बनाउन संविधानसभामा प्रवेश गरेका सभासदहरू संविधानमार्थि छलफल नगरी अन्यत्र जाँदा अधिकांश बैठकमा संविधानसभा बैठक हल रित्तै देखिन्थे। २०६५ सालमा संविधान सभाको पहिलो बैठकले गणतन्त्र स्थापना गरेका थिए भने २०७० संविधान सभाको पहिलो बैठकले कुनै खास उपलब्धीमूलक निर्णय गर्न सकेन। मुलुकमा लोकतन्त्र स्थापना भएतापनि पूर्व पञ्चहरुको हालमुहालीका कारण संविधान सभाको पहिलो बैठकको अध्यक्षता पूर्व पञ्चले गरेका छन्। लोकतान्त्रिक विधि अनुसार लोकतान्त्रिक व्यक्तिले नै बैठकको अध्यक्षता गरेको भए मुलुकमा नयाँ परिवर्तन हुने थियो। एकातिर संविधान सभा निर्वाचनमा चौथो पार्टीको रुपमा रापपा नेपाल पार्टी स्थापना भएर आएका छन् भने अर्कातिर पूर्व पञ्चहरुको बैठकको अध्यक्षता गर्दा लोकतन्त्रमार्थि नै प्रश्न उठ्न थालेका छन्। कार्यपालिका, न्यायापालिका र व्यवस्थापिका लगायतका क्षेत्रहरुमा अहिलेपनि पूर्व पञ्चहरुको अवशेष भेट्न सकिन्छ। संविधान सभाको पहिलो बैठकको अध्यक्षता लोकतान्त्रिक व्यक्तिले गर्नुपर्ने थियो। तर मण्डले प्रवृत्तिका मन्त्री परिषदका अध्यक्ष खिलाराज रेग्मीका कारण मुलुकमा मण्डलेकरण हावी भएको छ। सर्वोच्च अदालत भित्रै थुप्रै मण्डलेहरु भएका कारण सर्वोच्च अदालतको फैसलाहरु पनि मण्डले प्रवृत्तिको आउन थालेका छन्। सानोदेखि ठूलो विषयमा पनि अदालतमा रिट हाल्ने प्रवृत्ति बढ्दै गएको छ। विगत एक वर्ष अगाडि मन्त्रि परिषदका अध्यक्ष खिलाराज रेग्मीको विरुद्धमा रिट पर्दा रेग्मी आफै कार्यपालिकाको कार्यकारी भएका कारण रिटलाई सादै ६ महिना सम्म लम्ब्याएका थिए। त्यस्तै अख्तियार प्रमुख लोकमानसिंह कार्कीको विरुद्धमा रिट पर्दा मुद्दा लम्ब्याउँदै कयौं महिला पुऱ्याएको थियो। त्यस्तै संविधान सभाको पहिलो बैठक राष्ट्रपतिले किन नगर्ने भन्ने रिटलाई रेग्मीले सादासादै हत्तौदिन लगाएका थिए। एउटै व्यक्ति सरकार प्रमुख र न्यायापालिका प्रमुख भएपछि जनगुनासोको सुनुवाईमा बाधा पर्दै आएका छन्। रेग्मीले मन्त्री परिषदको अध्यक्ष छोड्दा फेरि न्यायापालिका प्रमुख भएर जाने हो कि होइन हेर्न बाँकी छ। रेग्मी कै कारण विगतको संविधान सभा विघटन भएको थियो भने रेग्मी कै कारण संविधान सभाको पहिलो बैठकको अध्यक्षता पूर्व पञ्चले गरेका थिए। के लोकतन्त्रबादीलाई पूर्व पञ्चले गरेको अध्यक्षता स्वीकार हुन्छ कि हुँदैन। प्रश्न आउन थालेका छन्। तीन करोड नेपाली जनताको बलिदान बाट आएका लोकतन्त्र माथि ठूलो प्रहार भएको छ। भविष्यमा संविधान बन्छ कि बन्दैन भन्ने प्रश्न उठ्न थालेका छन्। संविधान सभा निर्वाचनमा विजय भएर आएका सभासदहरुले एक वर्षमा संविधान बनाउँछ कि बनाउँदैन अहिले पनि शंका कै विषय बन्दै गएका छन्। लोकतन्त्र माथिको प्रहारको जिम्मेवारी कसले लिने। जनतालाई जवाफ दिनु पर्दछ। होइन भने जनताले दिएको अमूल्य मतको कदखर भएन भने अब जनताले त्यसैकै छाड्ने छैनन्, सभासदहरुले यो कुरा बुझ्न जरुरी छ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल आषाढ १५ गते आइतबार, तदनुसार जुन २९ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सरह, सूर्य पृथ्वीको उत्तरी गोलार्द्धमा प्रवेश गरिसकेका छन्। शीघ्र ऋतु चल्दै छ। चान्द्रमान अनुसार आषाढशुक्लपक्ष चलिरहेको छ। शौरमान अनुसार आज आषाढशुक्लपक्षको द्वितीय तिथि २६ घटि १९ पला अर्थात दिनमा ३ बजेर ४४ मिनेटसम्म त्यसउप्रान्त तृतीय तिथि लाग्नेछ। आज सूर्य मिथुन राशिमा रहेको छ भने चन्द्रमा कर्कट राशिमा अहोरात्र रहनेछ। आज दिनमान ३४ घटि ३३ पलाको रहनेछ। आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर १२ मिनेटमा रौद्र मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ७ बजेर २ मिनेटमा हुनेछ।

आजको राशिफल

मेष : सरकारी काम असफल हुनेछ, पारिवारिक विवाद थपिने, दीर्घ रोगको सुरुवात हुनेछ सतर्क रहनुहोला।

वृष : खेलकुदबाट मनोरञ्जन प्राप्त हुनेछ, सकारात्मक सोचाईले गर्दा आर्थिक लाभ, स्वास्थ्य राम्रो रहनेछ।

मिथुन : धार्मिक कार्यतिर समय खर्च हुने, पति-पत्नीबीच वैमन्यश्यता बढ्ने, आम्दानीको श्रोत घट्न सक्ने।

कर्कट : मनमा उत्साह बढ्नेछ, स्वास्थ्यमा क्रमिक सुधार, वैदैशिक रोजगारको अवसर मिल्नेछ, समय राम्रो छ।

सिंह : टाढाको यात्रामा शारीरिक पीडा हुन सक्ने, सोचेजस्तो काम गर्न असफल, आफन्तबाट धोका हुनेछ।

कन्या : शत्रुहरु सक्रिय हुनेछ, धनमल हराउन सक्नेछ, नकारात्मक सोचाइले गर्दा आर्थिक नोक्सानी हुनेछ।

तुला : इष्टमित्रबाट सहयोग गर्नेछन्, आफन्तसंग रमाइलो भेटघाट, प्रेम-प्रसंग सुमधुर रहने, यात्रा फलदायी हुनेछ।

वृश्चिक : मनोरञ्जन तिर मनजाने, रमाइलो भ्रमणको अवसर, पारिवारमा खुसीयालीले गर्दा दिन सुखमय हुनेछ।

धनु : सन्तानको सहयोगले अधुरा कार्य पूरा, उत्साह उमंग थपिनाले दिन अत्यन्तै राम्रो रहनेछ उपयोग गर्नुहोला।

मकर : राजनैतिक दुःख झेल्नुपर्ने, आत्मीयजनबाट धोका र कलहले दिनभर मनमा तनाव हुनेछ होसियार हुनुहोला।

कुम्भ : यात्रामा अवरोध हुन सक्नेछ, पेट रोगले सताउनेछ, स्वीवार्सँग किचलो हुने, गरेको कार्य अर्थहिन हुने।

मीन : आँखामा खराबी आउन सक्नेछ, पढाई असफल हुन सक्ने, दिनभर नैराश्यता बढ्ने, समय खराब छ जोगिनुहोला।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

कांग्रेस नेतृत्वको...

कार्यक्रममा वन संरक्षण तथा वृक्षरोपणमा सर्वसाधारणलाई राष्ट्रिय अभियानका रुपमा सहभागी गराउन उक्त कार्यक्रम अघि सारेको हो। यसैगरी जनताको न्यायमा सहज पहुँचलाई सुनिश्चित गर्न निःशुल्क कानुनी सहायतालाई निजी कानुन व्यवसायीको लाइसेन्स नवीकरणसँग आबद्ध गरी सर्वसुलभ र पहुँचयोग्य बनाइने भएको छ।

सरकारको नीति तथा कार्यक्रममा न्यायपालिकालाई साधन र स्रोतसम्पन्न बनाई न्याय सम्पादन लाई प्रभावकारी र विश्वसनीय बनाउन न्यायपालिकाको रणनीतिक योजनालाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइने उल्लेख छ।

व्यवस्थापिका-संसद् र सबैचच्च अदालतका लागि आवश्यक पर्ने सुविधासम्पन्न भवन निर्माण अघि बढाइने, नेपाल ट्रस्टको स्थापित्वमा आउन सक्ने सम्पत्ति खोजी गरी ट्रस्टको नाममा ल्याउने अभियानलाई निरन्तरता दिइने र प्राप्त चलअचल सम्पत्ति संरक्षण र सम्बर्द्धन गरी राष्ट्रिय हितमा उपयोग गरिने छ।

यस्तै आगामी आवक लागि सरकारले आज सार्वजनिक गरेको नीति तथा कार्यक्रममा निजी क्षेत्रको सहकार्यमा रोजगारदाता बैंक स्थापना गर्ने घोषणा गरिएको छ। असल श्रम सम्बन्ध, श्रम लचकता र सामाजिक सुरक्षाको प्रत्याभूतिका साथ औद्योगिक लगानीको वातावरण तयार गर्न श्रमसम्बन्धी कानुन संशोधन गर्ने कार्यक्रममा उल्लेख छ। वैदेशिक रोजगारीबाट फर्केका युवाको सीप र पुँजीको उपयोग स्वदेशमै गर्न उपयुक्त वातावरण सिर्जना गरी उनीहरुलाई सरल ऋण उपलब्ध गराइने तथा वैदेशिक रोजगारीमा जाने युवालाई सहज रुपमा कर्जा दिई उनीहरुले पठाउने विप्रेषणबाट कट्टा हुने व्यवस्था मिलाइने सरकारको नीति तथा कार्यक्रममा उल्लेख छ।

यस्तै महिला कामदारको पेसालाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन घरेलु कामदारका विषयमा प्रमुख गन्तव्य मुलुकसँग श्रम सम्झौता अगाडि बढाइने सरकारले जनाएको छ। बालश्रम उन्मूलनका कार्यक्रम स्थानीयस्तरमा विस्तार गरिने लक्ष्य कार्यक्रममा रहेको छ। सरकारले मुलुकको सार्वभौमसत्ता, अखण्डता र स्वतन्त्रतालाई कायम राख्दै संयुक्त राष्ट्र सङ्घको बडापत्र, पञ्चशीलको सिद्धान्त र अन्तर्राष्ट्रिय कानुनका आधारमा परराष्ट्र नीति सञ्चालन गर्ने भएको छ।

छिमेकी मुलुक भारत र चीनसँगको घनिष्ट सम्बन्धलाई पारस्परिक हित, समानता र सहयोगका आधारमा अझ सुदृढ गरिने तथा राष्ट्रिय सुरक्षा नीति र परराष्ट्र नीतिबीच सामञ्जस्यता कायम गरिने उल्लेख छ। नीति तथा कार्यक्रमअनुसार आर्थिक कूटनीतिलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विदेशस्थित नेपाली दूतावास तथा नियोगको क्षमता वृद्धिका साथै गैरआवासीय नेपालीको पुँजी, सीप र लगानी नेपालको आर्थिक एवम् सामाजिक विकासमा उपयोग गरिनेछ।

यस्तै आगामी आर्थिक वर्षका लागि सरकारले सार्वजनिक गरेको नीति तथा कार्यक्रममा द्वन्द्वको समयमा बढी प्रभावित भएका मध्यपश्चिम र सुदूरपश्चिमाञ्चल क्षेत्रका जिल्लामा 'द्वन्द्वप्रभावित क्षेत्र विशेष कार्यक्रम' र 'शान्तिका लागि विकास कार्यक्रम' सञ्चालन गर्ने घोषणा गरेको छ। नेपाली सेनालाई आवश्यक पर्ने वासस्थान तथा अन्य भौतिक पूर्वाधार व्यवस्था गर्न 'बंकरबाट ब्यारेक' कार्यक्रमलाई यस वर्षपनि निरन्तरता दिने र पूर्वाधार निर्माणका काममा नेपाली सेनालाई परिचालन गरिने कार्यक्रममा उल्लेख छ। यसैगरी सरकारले डोल्पा र हुम्लालाई राष्ट्रिय सडक सञ्जालमा जोड्ने प्रतिबद्धता पुनः व्यक्त गरेको छ। निर्माणाधीन मध्यपहाडी लोकमार्गको काम द्रुत गतिमा प्राथमिकताका साथ अघि बढाउने र हुलाकी राजमार्ग तथा तिनमा पर्ने पुलको निर्माण चाँडो सम्पन्न गरिने भएको छ।

त्यस्तै कालीगण्डकी,कोशी र कर्णाली कोरिडोर निर्माणलाई शीघ्र अघि बढाउने,सेती लोकमार्ग र महाकाली लोकमार्गको निर्माणलाई पनि प्राथमिकताका साथ निरन्तरता दिइने भएको छ भने भेरी, राप्ती तथा अन्य कोरिडोरको सम्भाव्यता अध्ययन गरिने भएको छ।

नीति तथा कार्यक्रममा 'एक निर्वाचन क्षेत्र एक खेल मैदान' कार्यक्रम सुरु गर्ने घोषणा गरेको छ। यसैगरी खेलकुद विकासको गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइने तथा अन्तर्राष्ट्रिय खेल परिसर र केन्द्रीय खेलकुद एकेडेमीलाई निर्माण प्रारम्भ गरिने सोमा उल्लेख छ। 'सबैका लागि खेलकुद' को अवधारणा अनुरुप खेलकुदका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता सञ्चालन गरिनाका साथै खेलाडी तथा विद्यालय तहमा खेल प्रतिभा पहिचान गरी उनीहरुको प्रतिभा प्रवर्द्धन गर्न प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। यस्तै यस्तै 'स्वस्थ महिला र बच्चा, स्वस्थ जनशक्तिको आधारशीला' भन्ने नारालाई स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कार्यान्वयन गर्ने भएको छ। कार्यक्रममा महाकाली, सेती, भेरी, राप्ती र लुम्बिनी अञ्चल अस्पतालबाट सिकलसेल एनिमिया उपचार सेवा उपलब्ध गराइने उल्लेख गरिएको छ।

यस्तै सबै जिल्ला अस्पताल र प्राथमिक स्वास्थ्य केन्द्रमा चिकित्सकको दरबन्दी थप गरिने, स्वास्थ्य केन्द्रबाट क्रमशः आधारभूत स्वास्थ्य प्रयोगशाला परीक्षण सेवा उपलब्ध गराइने, पार्वाधिक जनशक्ति गाउँमा पठाउन दुर्गम क्षेत्र स्वास्थ्य जनशक्ति विशेष कार्यक्रम कार्यान्वयन गरी दुर्गम क्षेत्रमा स्वास्थ्य सेवा उपलब्ध गराइने उल्लेख छ।सबै जिल्ला र नगरपालिकामा आवधिक योजना तयार गरी कार्यान्वयनमा ल्याउने सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले तयारी गरेको छ। यस्तै सरकारले औद्योगिक विकासलाई आफ्नो नीति तथा कार्यक्रमका लक्ष्यका रुपमा प्रस्तुत गरेको छ।

औद्योगिक क्षेत्रलाई व्यवस्थित गर्न विद्यमान नीतिलाई समयानुकुल संशोधन एवम् नीतिगत सुधार गर्ने उल्लेख छ। सरकारले औद्योगिक व्यवसाय ऐन, २०४९ को प्रतिस्थापन विधेयक ल्याउने जनाएको छ। यस्तै विद्यार्थीको परीक्षामा हुने असफलतामा शिक्षक र अभिभावकलाई जिम्मेवार बनाइने उल्लेख गरिएको छ। शिक्षामा गरिएको लगानीअनुसार प्रतिफल नआएको गुनासो आइरहेका बेला सरकारले यस्तो प्रतिबद्धता व्यक्त गरेको हो। हालै सार्वजनिक एसएलसी परीक्षामा सरकारी विद्यालयको उत्तीर्ण प्रतिशत कमजोर देखिएको थियो।

यस्तै पर्यापर्यटन र पर्यटकीय क्षेत्रको प्रवर्द्धन एवम् बजारीकरणका लागि विदेशस्थित कूटनीतिक नियोगलाई परिचालन गर्ने घोषणा गरेको छ। नेपाल वायु सेवा निगमलाई सार्वजनिक-निजी-साझेदारी अर्न्तगत सञ्चालनका साथै अन्तर्राष्ट्रिय एवम् आन्तरिक उडानका लागि थप विमानको व्यवस्था, निगमको व्यवस्थापकीय सुधार, प्राविधिक क्षमता विस्तार र दक्ष जनशक्ति आपूर्तिलाई नीति तथा कार्यक्रमले जोड दिएको छ। यस्तै सरकारले विकास निर्माणका प्रक्रियामा लैङ्गिक समता तथा सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्न भौगोलिक, सामाजिक एवम् आर्थिक रुपमा पछाडि परेका विपन्न वर्ग, क्षेत्र र समुदायलाई उपलब्ध स्रोत, साधन र अवसरमा पहुँच बढाउँदै लैजाने भएको छ।

विदेश जानेहरूका लागि सुवर्ण अवसर

दुबई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्र.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु नि.शुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला।

तथा विशेषताहरु :
- शारीरिक उचाई अनुसार तौल
- आफ्नै मेनपावर कम्पनीबाट छनौट गराईने।
- १ वर्षमा ३ पटक भन्दा बढी सेक्युरिटी गार्डमा पास गराउन सफल

उत्तरदायी भइरहेको छ।

सम्पर्क फेवा सेक्युरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेश कम्प्लेक्स सटर नं. ३०, फोन:- ०६१-५४०७२२, मो. ९८४०-४१४९२

चाया, पोतो र डण्डिफोर Bye Bye

चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने

यहाँ Orginal Korean Cosmetic Product पाइन्छ।

- साथमा मोटोपन घटाउने र बढाउने पनि।
- कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
- सेतो कपालेलाई ५ मिनेटमा नै कालो बनाउने
- महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
- चाउरिपना हटाउने
- पिनासका लागि सफल उपचार। Skin Test गरिन्छ।
- ग्याष्ट्रिक उपचार
- Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने।
- थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने।

ढाड, कम्मर, हात खुट्टाका जोर्नीहरुको दुखाइ कम गर्ने

नेपालकै नं. १ *Aloevera Juice हामीकहाँ पाइन्छ।*

बिहानी ब्युटी ट्रेडर्स

चिप्लेढुङ्गा, पोखरा-४, फोन: ९८४६१५४१८८, ०६१-५२४५५४
(मल्ल इम्पोरियमको अगाडि ढा कम्प्लेक्स भन्दा दुई घर तल)

नि:शुल्क कम्प्युटर तालिम

यस Green plus को सहयोगमा Informatics & High Mount computer इन्स्टिच्युटमा नि.शुल्क कम्प्युटर शिक्षा संचालन भैरहेको छ। (छनोटमा परेकालाई ६० प्रतिशत छुट दिइएको छ।

Informatics computer
सृजनाचोक, पोखरा-८
061-229471(UTL), 9846041617

High Mount computer
विन्ध्यवासिनी, पोखरा-२
061-527435, 9846566480

खानेपानी चाहिएमा

मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला।

सम्पर्क
भद्रकाली सप्लायर्स
काहुँलाचोक, भार्वा-१,
फोन : ०६१-५३९०६०
९८५६०३७६६६

रेष्टुरेन्ट तु बिक्रीमा

तुरुन्त खरिद गर्नेलाई
५०% छुट का साथ
रेष्टुरेन्ट बिक्रीमा

मूल्य रू. २ लाख मात्र।-

सम्पर्क : ९८०४१९३४७०

तुरुन्त खानेपानी चाहिएमा

मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गार्डेन-१५, पोखरा

आवश्यकता

कुक	-	१ जना
कुक हेल्पर	-	१ जना
डिस वासर	-	१ जना
हाउस किपङ्ग	-	२ जना
रुम ब्वाई/बेटर	-	२ जना
नाइट गार्ड	-	१ जना

अनुभवीलाई विशेष प्राथमिकता
सम्पर्क : ०६१-४६२६१७, ९६१४१६६७१

खुशीको खबर ! खुशीको खबर !!

सस्तो, भरपर्दो, छिटो र विश्वासिलो माध्यमबाट देश तथा विदेशमा चिठिपत्र, पार्सल एवं कार्गो पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
साथै बस, जहाज र मनकामना केबलकारको टिकट समेत हामीकहाँ पाइन्छ।

सम्पर्क
WorldTouch Cargo & Courier Pvt.Ltd.
(सम्पदा कम्प्लेक्स) चिप्लेढुङ्गा, पोखरा, फोन ०६१-५३२५०२, ९८०६७३८३००

Study & Work in Europe

Grece/Poland/Netherland/ Switzerland
Qualification : +2
- Pay After Visa
- No IELTS/ TOFELS
- Dependent can apply after TRC
- High Visa Sucess rate till now
- Gap no Problems

Contact
Career Makers Education Pvt.Ltd.
Panthigalli, Chipledhunga, Pokhara-4
Tel: 061-523454, 9846040874

हार्दिक बधाई



श्री दशरथ पाण्डेय

यस संस्थाका सचिव श्री दशरथ पाण्डेयज्यू नेपाल मेडिकल एण्ड सेल्स रेप्रिजेन्टेटिभ एशोसिएशन (NMSRA) पोखराको १२औं अधिवेशनबाट गरिमामय सचिव पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उहाँ लगायत सम्पूर्ण कार्यसमितिको कार्यकालको पूर्ण सफलताको कामना गर्दछु।

लक्ष्मण न्यौपाने (अध्यक्ष) एवं
बेल्टारी-पोखरा सम्पर्क समाज परिवार

खुशीको खबर ! खुशीको खबर !!

के तपाई कम्प्युटर बिग्रिएर समस्यामा हुनुहुन्छ ? यदि तपाई घर तथा अफिसमै आएर कम्प्युटर मर्मत गर्न ठाउँको खोजीमा हुनुहुन्छ भने हामीलाई सम्झनुहोस्। सेवा दिने स्थानहरु : पोखरा भ्याली, लेखनाथ र तनहुँ

Mycomputersathi.com
- website Design & Development
- Online Radio streaming Service

Mycomputersathi, Buddhachowk, Pokhara-10
Contact: 9746014694, 9804160688, 9846444087
Email : mycomputersath, **Skype :** mycomputersathi
Website : www.mycomputersathi.com

नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा

के तपाईंसंग पुराना कम्प्युटरहरु छन् ?
पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ।

नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ।

Online Computer Institute
न्यूरोड ५, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

पसल बिक्रीमा

डिहिकोपाटन मेनरोडमा पर्ने पसल तु बिक्रीमा छ। कोठा सहित सटर भएको।

सम्पर्क
फोन : ०६१-४६२८७७
मो. ९८४९२३६३०२

आवश्यकता

महेन्द्रपुल नजिकै उत्पादन संस्थालाई साधारण शिक्षित तथा अशिक्षित महिला गृहणीको आवश्यकता।

उमरदावी क्वालिफिकेशन: महिला गृहणी, युवती- २१ जना
घरेट कार्यको क्वालिफिकेशन: युवा/युवती/विद्यार्थी-१६ जना
•नियमुक्त तलिम सहित तेजमासमै १००% ग्यारेन्टी
•तालिम कालको इनाम तथा इनामको आधारमा मासिक ६,०००।- भन्दा बढी कमाउन सकिने।
•आफ्नै घरमा सामाग्री लगेर जुनसुकै समयमा काम गर्न सकिने।
सम्पर्क : ९८४६७०८१७५, ९८१६६३७४५१
महेन्द्रपुल, पोखरा

क्या मज्जा !

World Cup 2014
ठूलो पर्दामा हेर्दा छुट्टै मज्जा
प्रोजेक्टर चाहिएमा
फोन : ९८४५६०२१८८२

भर्ना खुल्यो

RAI School announce Admission open for + 1 *(Best college in kathmandu)*
Tel: 01-4911685
सम्पर्क :
BTI pokhara, सभागृहचोक
061-207111, 9856031380
Contact Us for : General Banking, Accounting Training

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल

योर्स ट्रेड कर्नर्स

सर्वसुलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !

फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

निवृत्त राष्ट्रसेवक संघको विस्तारित बैठक

गोल्डेन न्यूज संवाददाता
पोखरा १५ असार ।

निवृत्त राष्ट्रसेवक संघले कास्की जिल्लामा आफ्नो जिल्लाको विस्तारित बैठक भेला सम्पन्न गरेको छ । संघका जिल्ला अध्यक्ष कृष्णप्रसाद ढकालको अध्यक्षतामा बसेको विस्तारित भेलालाई प्रशिक्षण मुलक बनाइएको थियो । कार्यक्रमको प्रमुख अतिथि संघका पश्चिमाञ्चल उपाध्यक्ष तेजनारायण अधिकारी र अतिथिको रुपमा संघका महासचिव रामशरण वाग्लेबाट संघको विगत वर्तमान, गतिविधि र भावी कार्यक्रम तथा सांगठनिक वैचारिक विषयमा स्पष्ट पारेका थिए । बैठकमा पेशागत महासंघको जिल्ला अध्यक्ष रामप्रसाद खनाल सेवा निवृत्त राष्ट्रसेवक संघ नेपालका केन्द्रीय सदस्य गुमानसिंह थापा शिक्षक बुद्धिजीवी ध्रुव अधिकारीले मन्तव्य व्यक्त गरेका थिए । विस्तारित बैठकले संघका सदस्यहरुमा भएको सीप, ज्ञान र विद्धतालाई राज्यको हितमा उपयोग गर्ने सेवा निवृत्तहरुका समस्यको राज्यबाट सुनुवाई हुनुपर्ने र सम्पुर्ण सेवा निवृत्त राष्ट्रसेवक एकजुट हुन आव्हान समेत गरेको छ ।

यसैगरी आषाढ १३ गते सेवानिवृत्त राष्ट्रसेवक संघ नेपाल केन्द्रीय समितिको आयोजना तथा जिल्ला समिति स्याङ्जाको व्यवस्थापनमा स्याङ्जामा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । यसैगरी सेरा संघ नेपालका पश्चिमाञ्चल उपाध्यक्ष तेजनारायण अधिकारीको प्रमुख आतिथ्यतामा तथा महासचिव रामशरण वाग्लेको विशेष आतिथ्यतामा तथा स्याङजा जिल्ला अध्यक्ष यज्ञ पौडेलको अध्यक्षतामा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

४० जना सहभागी रहेको प्रशिक्षण भेलामा सेवा निवृत्त राष्ट्रसेवक संघको गठन उद्देश्य र सांगठनिक गतिविधि विषयमा तेजनारायण अधिकारी सेवानिवृत्त राष्ट्रसेवकहरुको जीवनशैली विषयमा रामशरण वाग्ले, सहकारी आन्दोलनका विषयमा अनन्त श्रेष्ठ संविधान निर्माण र सेवा निवृत्त राष्ट्रसेवकको भूमिका विषयमा ओम शर्माले प्रशिक्षण दिएका थिए भने भेलामा केन्द्रीय सदस्य गुमानसिंह थापा, कास्की जिल्ला अध्यक्ष कृष्ण प्रसाद ढकाल तथा जिल्लाका बुद्धिजीविहरुको समेत उपस्थिति थियो भेलाले कार्यसमिति पनि विस्तार गर्ने निर्णय गरेको छ ।

मृत डमरु भेटियो

पोखरा १५ असार ।

कास्कीको कालिका गाविसको शान्ति मैदानस्थित मकै बारीमा बाघको डमरु मृत अवस्थामा फेला पारिएको छ । बारीमा मकै हेर्ने जाँदा जमरु भेटिएपछि स्थानीय सूर्य खड्काले सामुदायिक प्रहरी सेवाका अध्यक्ष राजेश अधिकारी, सचिव दिनेश अधिकारी र प्रहरी हवलदार पदम श्रेष्ठ सहितको टोलीलाई खबर गरेका थिए । त्यसपछि कास्की जिल्ला वन कार्यालयका कर्मचारी प्रभाव सापकोटा र महेश कुमाइलाई उक्त डमरु जिम्मा लगाइएको थियो ।

(निरज बजगाई/ विद्यार्थी पत्रकार)

प्रोडक्ट सेल कन्टेस्ट

पोखरा १५ असार ।(गोल्डेन)

नोभेल एकेडेमी न्युरोड पोखरामा विविए दोस्रो सेमेस्टरका विद्यार्थीहरु बीच प्रोडक्ट सेल कन्टेस्ट प्रतियोगिता सम्पन्न भयो । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न लोकप्रिय उत्पादन बारे विद्यार्थी स्वयंले रिसर्च गरी प्रतियोगितात्मक रुपमा उक्त अध्ययनलाई प्रस्तुत गरेका थिए । एकेडेमीका प्रमुख कार्यकारी अधिकृत विश्वेश्वर आचार्यले प्रतियोगिताले विद्यार्थीको क्षमता विकासका लागि निकै फलदायी हुने विचार व्यक्त गरे । प्रमुख निर्णायकका रुपमा वर्गर किङ्का पूर्व इन्टरने सनल मार्केटिङ म्यानेजर तथा हाल स्काई टच रेस्टुरेन्ट न्युरोडका संञ्चालक वि.वि. विष्टले विद्यार्थीको क्षमता र प्रस्तुतिले आफू निकै प्रभावित भएको बताए । प्रतियोगिताका प्रथम निता गुरुङ, द्वितीय ज्योति चन्द, तिना गुरुङ, सोफी शेरचन तथा तृतीय सुमिना गुरुङ र सुमिना गुरुङ भएका थिए ।

पोखरामा तायमचा नाचका बारे छलफल

पोखरा १५ असार ।(गोल्डेन)

पोखरामा हरेक वर्ष गाईजात्राको अवसरमा आयोजना गरिने तायमचा नाच प्रतियोगिता नजिकिदै गर्दा नेवाः खल कास्कीले आफ्नो मातहतका संगठन संगको भेटघाट तथा अन्तर्कियालाई तीव्र पारेको छ । यसैबीच नेवा खल कास्कीले तायमचा नाचका सम्बन्धमा पर्स्पाङ्ग तायमचा नाच समितीसंग अन्तर्क्रिया गरेको छ । मालेपाटन स्थित बाल शिशु स्याहार केन्द्रमा सम्पन्न कार्यकममा समितीका अध्यक्ष विष्णु बाटाजुले नेवाः खल कास्कीका नयाँ कार्यसमितिलाई स्वागत तथा सम्मान गरेका थिए ।

कार्यकममा बोल्दै नेवाः खल कास्कीका अध्यक्ष अशोक पालिखेले नेवारी संस्कृतिको जगेर्ना गर्न स्वयं नेवार नै अग्रसर हुनुपर्ने कुरामा जोड दिदै हरेक जातजातीले एक अर्काको संस्कृतिलाई स्वीकार्दै अगाडि बढ्नुपर्नेमा जोड दिए । उक्त अवसरमा बोल्दै नेवाः खल कास्कीका उपाध्यक्ष , संस्कृतिकर्मी, कवि तिर्थ श्रेष्ठले नेपाल भित्र हुने जुनैपनि भाषा संस्कृति नेपालको संस्कृति हो भन्दै नेवारी संस्कृति भनेको नेपाली संस्कृतिको एउटा रुप हो भने । अन्तर्कियां कार्यकममा बोल्ने अधिकाश वक्ताले नेवारी संस्कृति, नेवारी नाच, नेवारी बाजा, भाषा तथा भेषभूषाको जगेर्नामा जोड दिनुपर्ने आवश्यकता औल्याएका थिए ।

कविता



गुमानी प्र.अधिकारी

शब्द–सुमन

कोपिला तिमी बुहारी भइ, भित्रियौं सुदिनमा
जीवनदीप अस्त हुन पुग्यो, अल्पायु मैं कुदिनमा ।
दैवको कुदृष्टि पर्न गयो, सन्तुष्टि छैन रति
चार सन्तानकी आमा थियौ, कर्ममा निष्ट अति ॥
ती रोए पनि सुख छैन मनमा सम्झे कि आमा भनी
ती हाँसे पनि सुख छैन मनमा बिर्से कि आमा भनी ॥
यस्तै पंक्तिले 'गौरी वन्यो', अमर काव्य रचना
कठै ! भाइ भूमिसंग छैन, बिरह पोख्ने वचन ।
तिम्रो प्राणपखेरु उड्न गयो, अस्पतालको शैयामा
अस्पताल पनि के भन्नु खै?, सही उपचार पाइएन ।
काल आयो लग्यो, के लेख्नु खै ?, यो आँसुको भेलमा
स्वर्गमा वास होस् तिम्रो, यहि शब्दसुमन' ।

गत जेठ ३ गते उपचारको क्रममा जीवन गुमाएकी चापाकोट७, कास्की निवासी भूमि अधिकारीको सहधर्मिणी कोपिला (लिला) अधिकारीको ४५औं पुण्यतिथिमा समर्पित श्रद्धाञ्जलीका शब्दसुमन ।

भर्ना सम्बन्धी सूचना !

पर्यटकीय नगरी पोखराको केन्द्रमा अवस्थित स्वच्छ, शान्त र पूर्ण वातावरण रहेको यस न्याश्नल इन्मेन्टिभ उच्च मा.वि. मा शैक्षिकसत्र २०७१/०७२ का लागि व्यवस्थापन संकाय अन्तर्गत Travel & Tourism सहित कक्षा ११ मा भर्ना खुलेको जानकारी गराइन्छ ।

- असार ५ गतेदेखि आवेदन फारम वितरण भइरहेको छ ।
- प्रवेश परीक्षा तथा अन्तर्वार्ताका आधारमा भर्ना लिइनेछ ।

विस्तृत जानकारीका लागि विद्यालय प्रशासनमा सम्पर्क गर्नुहोला ।

न्याश्नल इन्मेन्टिभ उच्च मा.वि.

पोखरा-६, बैदाम, फोन : ०६१-४६१४८३

Study & Work in Europe

Newzeland/Poland/Netherland/ Switzerland

Intake: September, October

- IETS/TOFELS (Optional)
- Pay After Visa
- IELTS 5.5 Only for Netherland
- High Visa Sucess rate till now
- Gap uo-to 3 years, Part time job 20hr Per Week

Contact

Career Makers Education Pvt.Ltd.

Panthigalli, Chipledhunga, Pokhara-4

Tel: 061-523454, 9846040874

किचन चिम्नी होलसेल मूल्यमा





Omni Brand का Glasshood Kitchan Chimney हरु होलसेल मूल्यमा ।

Omni Brand का Kitchen Hubs, Solar Water, Heater,Gas gueser तथा Water Purifier हरु अत्यन्त सुपथ मूल्यमा खरिद तथा समंत गर्नुपरेमा हामीलाई सम्पर्कनुहोस् ।

पोखराका लागि आधिकारिक विक्रेता

न्यू पायोनियर इन्टरनेशनल, रानीपौवा, पोखरा-११

फोन : ०६१-५२७५१८, मो. : ९८५६०२५३७०

STUDY IN AUSTRALIA

EXPLORE YOUR DREAM DESTINATION





We'll Help You to Fix Your Problem

if you have 5.0 in IELTS
and completed 10+2

Classes: IELTS CAE/PET/KET

TRINITY EDUCATION FOUNDATION

Bastolathar, Mahendrapool, Pokhara
T: PKR 061-525739 / 521639
KTM: 01-4720635 / 4720655

BRANCH: Chakrapath
Maharajgunj, KTM
info@trinityeducation.edu.np

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA



- यौन पुरुष : लिङ्को साइज बढाउन, यौन क्षमता बढाउन, नामदी, हिलापन, टेढापन, हटाउन, **पूर्ण सुखमय रात फर्काउन,** Herbal Livetra, Hormotex, Maxman.
- महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन चिरा-पेट र सतनमा हुने सेतो धर्सा हटाउन
- केश झर्ने तुरुन्तै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
- मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
- उचाइ बढाउन Step up (लक्टे पैसा फिर्ता)
- तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/- (महिनामा ७-१० Kg बढाउने)
- थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन
- तौल घटाउने जापनिज deit मात्र २५००।-
- दाढ तथा जोनी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेनकिर

✱ तौल घटाउन Slim 24 pro

पोखरा हर्बल होम्स

(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या: सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग ढिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या

महिनामारी नछर्दा, सेतोपानी बग्ने, योनी ढिलाउने, तल्लो पेट दाह कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चार्या पोतो, डण्डिफोर, दाग धब्बा, मस्किया, कोठी, चाउरपिन हटाई पूरै शरिर गोरो बनाउने ।

(नुहाली पानीको बाल्टिनमा तीन थप्पडले पानी नीलो पन बनाउने)

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, दुम साथै बाथ, दाढ कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा

पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र

फोन नं.०६१-५३१८६७, ०६-१२२५५५८, मो. ९८४६१३७४९८

फ्रि होम डेलिभरि

हार्दिक बधाई

BOARD OF DIRECTORS 2014-15


Rtn. Ashok Dhakal
President


Rtn. Sandip Dhungana
Vice-President


Rtn. Prajwal Adhikari
Secretary


Rtn. Sudip Neupane
Treasurer

Rtn. Roshani Kamal
Sergeant-at-Arm


Rtn. Rupa Ale
Club Service Dir.


Rtn. Sadiksha Regmi
Com. Service Dir.

Rtn. Ramesh Adhikari
Intl Service Dir.


Rtn. Sujan Neupane
Prof. Dev. Director


Rtn. Sandip Poudel
Editor


Rtn. Amrit Thapa
Public Relation Officer


Rtn. Chiranjivi Neupane
SAF Officer

रोट्याक्ट क्लब अफ लेखनाथको वर्ष २०१४/१५ का लागि निर्वाचित हुनुभएका अध्यक्ष **अशोक ढकाल** लगायत सम्पुर्ण पदाधिकारीलाई सफल कार्यकालको शुभकामना व्यक्त गर्दै **हार्दिक बधाई** ज्ञापन गर्दछौं ।

रोशन अधिकारी (नि.अध्यक्ष) एवं

रोट्याक्ट क्लब अफ लेखनाथ



सौरव साई
प्रथम श्रेणी
७४.०० %

हार्दिक बधाई एवं शुभकामना

२०७० सालको एस.एल.सी. परीक्षामा **डाइनामिक एकेडेमी**, सिमलबौर, पोखरा-८, बाट हाम्रा ज्येष्ठ सुपुत्र **सौरव साई** सहित उत्कृष्ट नतिजा सहित समुनीर्ण हुन सफल सम्पुर्ण विद्यार्थीहरुलाई **हार्दिक बधाई** ज्ञापन गर्दै **उत्तरोत्तर शैक्षिक प्रगति एवं उज्जवल भविष्यको** कामना गर्दछौं ।



बाजे : जुठे साई
बुबा : राजु साई
भाई : सुवास साई

बज्जे : सन्तमाया साई
आमा : माया साई
काका : प्रेमबहादुर साई

एवं **सम्पूर्ण साई परिवार**

पोखरा-५, न्युरोड

महिलालाई दुवोमाला, दालमोठ र भुजिया बनाउने तालिम

गोल्डेन न्युज संवाददाता
पोखरा १५ असार ।

पोखरा उपमहानगरपालिकासँग आवद्धता रहेको टोल विकास संस्था वडा समन्वय समिति र टोल विकास संस्था महिला वडा समन्वय समिति वडा नं.१० को संयुक्त आयोजनामा संचालित ७ दिने दुवो जरिमाला र ४ दिने दालमोठ भुजिया बनाउने तालिम एक समारोहका बीच सम्पन्न भयो । समापन कार्यक्रममा प्रमुख अतिथि एवम् रामबजार सोसाइटी युकेका सल्लाहकार समाजसेवी खेलेन्द्रपेमी महेश गुरुङले गीतामन्दिर भित्र रहेको गणेश भगवानको मूर्तिमा दुवोको माला लगाई घण्टी बजाई कार्यक्रमको उद्घाटन गरेका थिए । त्यस अवसरमा बोल्दै उनले महिलाहरु लाई सशक्त बनाउन यस्ता आयमूलक तालिमले धेरै मद्दत पुऱ्याउने बताउँदै सिकेका सीपलाई आफ्नो समूहमा पुऱ्याउन अनुरोध गरेका थिए ।


तस्वीर : गोल्डेन न्युज दैनिक

बडाभित्र रहेका ३० वटा आमा समूहबाट ८० जना महिलाहरुको सहभागिता रहेको उक्त तालिममा सहभागिता रहेको थियो । उक्त अवसरमा तालिम लिएका महिलाहरुका छोराछोरीले २०७० सालको एसएलसी उत्तीर्ण गरेकोमा ११ जना विद्यार्थीहरुलाई समेत मायाको चिनो, सम्मानपत्र प्रदान गरिएको थियो भने तालिममा सहभागीलाई समेत प्रमाणपत्र प्रदान गरिएको थियो । उक्त अवसरमा महिलाहरु अति लगनशील भई आर्थिक क्रान्तिका साथ आय आम्दानी गर्न आफै अग्रसर गराउने उद्देश्य राखिएको उक्त तालिममा नेवा: दे: दबू काठमाण्डौका सदस्य एवम् संगीत प्रशिक्षक सूर्यनारायण महर्जनले असारे गीतको भाकामा बाँसुरीको धुन बजाएका थिए । तालिममा सर्वोत्कृष्ट प्रशिक्षार्थी सरस्वती आमा समूहका सदस्य इन्द्र गुरुङलाई सम्मान गरिएको थियो ।

तालिममा जरी दुवो माला बनाउन सीता गुरुङ र नारायणी सुवेदी तथा दलमोठ भुजिया बनाउन नारायणी पौडेल र गोमा रायमाझीले प्रशिक्षण दिएका थिए । कार्यक्रममा प्रशिक्षक सीता गुरुङ, नारायणी पौडेल, गीता मन्दिर संचालक समितिका अध्यक्ष तोयनाथ गौतम, मिस पोखरा २०१३ सेकेण्ड रनरअप शोभा केसी, नेकपा एमाले वडा नं.१० का अध्यक्ष सम्भना अधिकारी, रापपा नेपाल वडा नं.१० अध्यक्ष रमेश बहादुर थापा, टोल विकास संस वडा समन्वय समितिका संचिव किरण प्रसाद भट्टचन, अन्नपूर्ण टोल विकास संस्था कुँडहरका अध्यक्ष इच्छा बहादुर बास्ले, सिमलबोट मार्ग टोल विकास संस्थाका अध्यक्ष सूर्य बहादुर गुरुङ, प्रशिक्षार्थीको तर्फबाट शान्ति सुबेदी र रितु गुरुङ लगायतले तालिमले महिलाहरुको आयआर्जन मा सहयोग पुग्ने र वडाका महिलाले बनाएका सामानहरु बिक्री गर्ने व्यवस्था वडाभित्र नै हुनुपर्ने विचार राखेका थिए । टोल विकास संस्था वडा समन्वय समितिका अध्यक्ष सम्मरबहादुर श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा टोल विकास संस्था महिला वडा समन्वय समितिका अध्यक्ष पवित्रा गुरुङले स्वागत र कार्यक्रमको संचालन समितिका संचिव निर्मला काकीले गरेकी थिइन् ।

जलकुम्भीको व्यवस्थापनका लागि अनुसन्धान

गोल्डेन न्युज संवाददाता
पोखरा १५ असार ।

पोखरा विश्वविद्यालय अनुसन्धान केन्द्र र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान (नास्ट) ले संयुक्त रुपमा फेवातालको पानीको गुणस्तर परीक्षणका साथै जलकुम्भी झारको दीर्घकालीन व्यवस्थापनका लागि अनुसन्धान थाल्नी गर्ने भएको छ ।

यस विषयमा दुवै संस्थाको संयुक्त प्रयासमा तयार पारिएको अनुसन्धानात्मक प्रस्ताव उपर छलफल गर्न पोखि मा आज (आइतबार) एक वृहत कार्यक्रमको आयोजना गरियो । सो कार्यक्रमलाई सम्बोधन गर्दै पोखिका उपकुलपति पा. खगेन्द्रप्रसाद भट्टराईले जलकुम्भीको नकारात्मक प्रभावलाई मात्रै नकेलाई त्यसको सकारात्मक उपयोगितालाई पनि मनन् गर्नुपर्नेमा जोड दिए । उनले सो को दीर्घकालीन व्यवस्थापनको लागि तयार पारिएको प्रस्तावलाई सराहना गर्दै यसबाट उपलब्धि मूलक परिणाम आउने विश्वास व्यक्त गरे ।

कार्यक्रममा पोखिका रजिष्ट्रार पा.डा. मानबहादुर के.सी.ले कागजी रिपोर्टमात्रै सीमित नभई यस अनुसन्धानले फेवातालको संरक्षणमा प्रत्यक्ष प्रभाव पार्ने बताए । कार्यक्रममा पोखरा उपमहानगरपालिकाका प्रमुख कार्यकारी अधिकृत झलकराम अधिकारीले पोखराको गहनाको रुपमा रहेको फेवाताल र यसको समस्याको रुपमा रहेको जलकुम्भी झारको अतिक्रमण व्यवस्थापनमा अहिले सम्म धेरै खर्च र समय व्यतित गरिएतापनि सो को पूर्णरुपमा व्यवस्थापन गर्न नसिकिएकोमा चिन्ता व्यक्त गरे । उनले यसको दिगो व्यवस्थापनको लागि अनुसन्धान प्रस्ताव तयार पारेकोमा पोवि अनुसन्धान केन्द्र र नास्टलाई धन्यवाद व्यक्त गर्दै सो परियोजना प्रस्तावको सफल कार्यान्वयनको लागि पोखरा उपमहानगरपालिकाले सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाए ।

कार्यक्रमका सभापति एवम् पोवि अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक उमेशप्रसाद गुप्ताले यस अनुसन्धान परियोजनाले वैज्ञानिक ख्याति प्राप्त गर्नेमा जोड दिदै जलकुम्भीबाट वायोग्यास एवम् वायो ब्रिकेट साथै सो को औषधीय गुण उपयोगमा आउने हुँदा यसले समस्यामाको रुपमा देखिएको जलकुम्भीबाट आय आर्जन समेत गर्न सकिने बताए । कार्यक्रममा नास्ट विज्ञान संकायका प्रमुख ईश्वर खनाल, उक्त संस्थाको वरिष्ठ वैज्ञानिक डा. भोजराज पन्त, पोविका प्रा.डा. विष्णुराज तिवारी र उपप्राध्यापक नमराज धामी एवम् विपेन्द्रकुमार यादवले सो प्रस्ताव प्रस्तुत गरेका थिए ।

खानेपानी कर्मचारी संघद्वारा विद्यार्थीलाई सम्मान

गोल्डेन न्युज संवाददाता
पोखरा १५ असार ।

नेपाल खानेपानी संस्थान कर्मचारी संघद्वारा आइतबार कर्मचारीका छोराछोरीलाई सम्मान गरेको छ । २०७० सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका ७ जना विद्यार्थीलाई खादा, प्रमाणपत्र, मायाँको चिनो र नगद सहित सम्मान गरेको थियो । सम्मान कार्यक्रमका प्रमुख अतिथि नेपाल खानेपानी संस्थानका महाप्रवन्धक अर्जुनबाबु ढकालले विद्यार्थीको आगामी अध्ययन सफलताको कामना गर्दै संस्थानको गतिविधिको बारेमा जानकारी दिएका थिए । कर्मचारी संघले कार्यालय हाताभित्र रोपिएको वृक्षको गोडमेल तथा आँखि, निम, अम्बा, बेलपत्र, डुम्री जस्ता नयाँ विरुवा थपगरी असारे पन्द्रको दहि चूरा खाने कार्यक्रम समेत सम्पन्न गरेको छ । संघका अध्यक्ष नरेन्द्र मान श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा महाप्रवन्धक ढकालले संस्थानमा कर्मचारीको वृद्धिविकास रोकिएकोमा आइस ब्रेकगरी नियमित बनाउन आफू लागि परेको बताए ।

कार्यक्रममा नेपाल खानेपानी संस्थानका संस्थागत महाशाखा प्रमुख हेमराज भट्टराईले व्यावस्थापन पक्षले कुनै पनि अवस्थामा कर्मचारीलाई वेवास्ता गर्न नसक्ने बताउँदै प्रविधिक त्रुटीलाई पार गर्दै अगाडि बढुनु पर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा नेपाल खानेपानी संस्थान पोखरा शाखाका कार्यालय प्रमुख बुद्धरत्न महर्जन, नेपाल ट्रेड युनियन कंग्रेस कास्कीका उपाध्यक्ष बलराम लामिछाने, संघका केन्द्रीय सल्लाहकार मनहरि बराल, संघका केन्द्रीय सचिव विष्णु रेग्मी, पोखरा शाखाका प्रशासन प्रमुख एवं संघका सल्लाहकार लोकराज शर्मा, खानेपानी संस्थान कर्मचारी संगठनका केन्द्रीय सचिव बसन्त भण्डारी, राष्ट्रिय कर्मचारी संगठन नेपाल खानेपानी संस्थानका इकाई अध्यक्ष झलकराम अधिकारी लगायतले संघको कार्यक्रम नमुना भएको बताएका थिए । कार्यक्रममा कर्मचारीका छोराछोरीहरु एलिसा यादव, सरु अधिकारी, सन्ध्या बराल, दिपेश पौडेल, सहर्ष खाउँजु, मेरि प्रजा, ईश्वर तिवारी सम्मानित भएका थिए । संस्थानको रजत महोत्सव तथा गत फागुन १५ गते प्रदान गरेको कदरपत्र संस्थानका कर्मचारी बन्धुराज पराजुलीलाई आइतबार महाप्रवन्धक अर्जुनबाबु ढकालले प्रदान गरेका थिए ।

यसैबीच पोखरा शाखाबाट अवकास प्राप्त कर्मचारीहरु रामबहादुर खवास, ज्ञानबहादुर खवी, पिताम्बर पोखरेल र विन्धेश्वरी श्रेष्ठलाई विदाई गरिएको थियो । उक्त कार्यक्रमको संचालन संघका सचिव केदार धमलालले गरेका थिए ।

बफादार राष्ट्रसेवक बन्न वन्तको निर्देशन

गोल्डेन न्युज संवाददाता
पोखरा १५ असार ।

सशस्त्र प्रहरी महानिरीक्षक कोपराज वन्तले सशस्त्र प्रहरी बलका राष्ट्रसेवकहरुले राष्ट्र र नागरिकको सेवा र सुरक्षालाई आफ्नो प्रमुख कर्तव्य ठानेर राष्ट्रको सच्चा वफादार सेवकको रुपमा जिम्मेवारी निर्वाहमा तल्लीन रहन निर्देशन दिएका छन् । उनले बलले गर्ने कार्यकोस्टर अभिवृद्धिका लागि संगठनमा आवद्ध सम्पूर्ण राष्ट्र सेवकहरु उच्च मनोवलयुक्त रहनुपर्ने तथा पेशागत ज्ञान कौशलले भरिपूर्ण हुनुपर्ने बताए ।

सशस्त्र प्रहरी महानिरीक्षक वन्तले सो कुरा सशस्त्र प्रहरी बल तालिम महाविद्यालय लामापाटनमा संचालन भएको सि.सं.९ सशस्त्र प्रहरी निरीक्षक अल्पकालिन आधारभूत तालिमको आइतबार समापन गर्दै सो कुरा बताएका हुन् । उनले संगठनले आफ्नो दायित्वलाई सहज ढंगले पुरा गर्न तालिमसँगै नयाँ नयाँ सिर्जनशील कार्यहरु सम्पादन गर्नुपर्ने तथा यस क्षेत्रमा समेत संगठन प्रयासरत रहेको उल्लेख गरे । सशस्त्र प्रहरी महानिरीक्षक वन्तले कार्यक्षेत्रमा परिचालित हुँदा पदीय दायित्व अनुरुप गर्न हुने र गर्न नहुने कार्यबारे प्रचलित ऐन नियममा स्पष्ट उल्लेख रहेको बताउँदै प्रचलित कानूनको परिधिभित्र रहेर संगठनको मुख्य लक्ष्य प्राप्तिको दिशामा सधैं अग्रसर रहिरहन निर्देशन दिए ।

राष्ट्रसेवक सशस्त्र प्रहरी कर्मचारीको कल्याणकारी हित र वृत्ति विकासमा संगठन नविन सोचका साथ अगाडि बढिरहेको चर्चा गर्दै महानिरीक्षक वन्तले भने- 'मुलुक र माटोको सेवा सुरक्षामा कटिबद्ध संगठनलाई अझै व्यावसायिक एवं पारदर्शी बनाउन तपाईहरु सांगठनिक दायराभित्र रही फरक ढंगले कार्यसम्पादन गर्नेतर्फ समर्पित रहनुपर्दछ ।'

उनले कमाण्डर सधैं उच्च मनोवलयुक्त भएमा कार्यसम्पादनको स्तर उपल्लो तहको हुनुको साथै मातहत अधिकृत जवानको मनोवल समेत उच्च हुने उल्लेख गर्दै त्यसतर्फ ध्यान केन्द्रित गरी नियमित ब्रिफिङ र काउन्सिलिङ गर्दै कार्य गर्न निर्देशन दिए । कार्यक्रममा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक दुर्जकुमार राईले धन्यवाद ज्ञापन गर्दै बदलिदो परिस्थिति र चुनौतीपूर्ण कार्यक्षेत्रमा सफलता हासिल गर्न तालिम प्राप्त जनशक्तिको भूमिका अहम रहने उल्लेख गरे । उनले प्रशिक्षीहरुले तालिमबाट सिकेका र अनुभव गरेका ज्ञानसीप, कलाकौशललाई व्यवहारमा कार्यान्वयन गर्दै अझै उत्कृष्ट ढंगबाट दायित्व निर्वाह गर्ने विश्वास व्यक्त गरे ।

सो तालिम महाविद्यालयका समादेशक सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक राजेश श्रेष्ठले त्यसअवसरमा तालिम सम्बन्धी प्रतिवेदन प्रस्तुत गरेका थिए । ६ महिना अवधिको तालिममा कुल ४४ जना सशस्त्र प्रहरी निरीक्षकहरु प्रशिक्षार्थीको रुपमा सहभागी रहेका थिए । प्रशिक्षार्थीहरु मध्ये सशस्त्र प्रहरी निरीक्षक विक्रम बोगटी उत्कृष्ट प्रशिक्षार्थी ठहरिएका छन् । कार्यक्रममा पश्चिम क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय मुक्तिनाथ बाहिनी पोखराका बाहिनीपति सशस्त्र प्रहरी नायब महानिरीक्षक नारायणबाबु थापा लगायत एपीएफ अधिकृत तथा जवानहरुको उपस्थिति रहेको थियो ।

श्रीमतीको हत्या गरी विनोद फरार

पोखरा १५ असार ।(गोल्डेन)

कास्कीको हिकुरपोखरी गाविसमा एक व्यक्तिले आफ्नै श्रीमतीको हत्या गरि फरार भएका छन् । हिकुरपोखरी गाविस १ बस्ने ३१ वर्षीया विनोद केसीले आफनै कान्छी श्रीमती विन्दु केसीको हत्या गरि फरार भएको जिल्ला कास्की प्रहरी कार्यालय कास्कीले जनाएको छ । श्रीमान विनोदले २ सन्तानकी आमा विन्दुलाई आफ्नै घरभित्र लाती, हातको मुक्का र ढोकाको आउलोले हानि हत्या गरेको प्रहरीले जनाएको छ । फरार विनोदको व्यापक खोजी भैरहेको पनि प्रहरीले जनाएको छ । उनले केही समयअघि देखि घर परिवारमा आतङ मच्चाउँदै आएको र श्रीमतीलाई कुटपिट गर्ने, दुःख दिने गरेको प्रहरीको अनुसन्धानबाट खुलेको बताएको छ ।

वृद्धाश्रमलाई सहयोग

पोखरा १५ असार ।(गोल्डेन)

मकवानपुर कास्की पोखरा सम्पर्क मञ्चले दोस्रो वार्षिकोत्सवको अवसर पारेर पोखरा वृद्धाश्रममा दहिचूरा भोजन तथा फलफूल वितरण कार्यक्रम गरेको छ । असार १५ गतेको सांस्कृतिक पहिचानलाई स्मरण गराउँदै ६५ जना बृद्धबृद्धाहरुलाई दहिचूरा भोजन गराइएको थियो । दहीचूरा तथा भोजन खुवाउने कार्यक्रम सम्पर्क मञ्चका का.वा. अध्यक्ष रमेश मैनालीको अध्यक्षतामा भएको उक्त कार्यक्रममा विष्णु वस्नेतले स्वागत, कार्यक्रम सञ्चालन महासचिव सन्तोष गौतमले गरेका थिए ।


असारे...

असार १५ गते नै सामूहिक रोपाईको सुरुवात स्वरुप केही वर्ष देखि महोत्सवको रुपमा कार्यक्रम गरिदैआएको छ । बात्स्यायन बृद्धाश्रम बात्स्यायन ऋषिले तपस्या गरेको पवित्र शिव मन्दिरको रुपमा रहेको २०६८ देखि सोही नाममा बृद्धाश्रम खोली सामाजिक कार्य सुरुवात भएको उपाध्यक्ष रोमबहादुर कार्कीले जानकारी दिए । बृद्धाश्रमका सहयोगी दानवीर समाजसेवी भीमबहादुर श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा सहयोगीहरु भक्तराज श्रेष्ठ, रामप्रसाद बतास, राधिका थापा, मीठु केसी, रोमबहादुर केसी, सविता खड्का, अम्बिका हमालालाई सम्मान गर्दै ५१ हजार र १ लाखको अक्षयकोष स्थापना गर्ने बताए ।

मन्दिर संरक्षण समितिका अध्यक्ष टीकाराम थापाको अध्यक्षतामा भएको कार्यक्रममा दानवीर भक्तराज श्रेष्ठ, पत्रकार कृष्ण थापा, उपाध्यक्ष रोमबहादुर कार्की, बोधराज कार्की, पोखरा १८ महिला समन्वय समितिका अध्यक्ष इन्द्रमाया वानियाँ, मनकामना मन्दिरका अध्यक्ष वासुदेव वानियाँ, शुभकामना महिला विकास केन्द्रका उपाध्यक्ष राधिका थापा, सिद्धार्थ टोल संस्थाका अध्यक्ष गोमादेवी सुवेदी, दानवीर रामप्रसाद बतास, सचिव रेशम जिसी, कोषाध्यक्ष ललित बानियाँलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

हार्दिक बधाई


बद्रिनाथ पौडेल


अशोक ढकाल

हाम्रा अत्मीय मित्र एवं लेखनाथ उद्योग वाणिज्य संघका कार्यालय प्रमुख **बद्री पौडेल** रोटरी क्लब अफ लेखनाथको **सचिव** र **वेष्ट रोटरी अफ द इयर** र संघकै लेखा प्रमुख **अशोक ढकाल** रोट्-याक्ट क्लब अफ लेखनाथको **अध्यक्ष** पदमा चयन हुनुभएकोमा उहाँ लगायत सम्पूर्ण पदाधिकारीहरुलाई **हार्दिक बधाई** ज्ञापन गर्दछु ।

सुमन भट्टराई
जुपिटर पेट्रोलियम सप्लायर्स
लेखनाथ-५, विजयपुर

हार्दिक बधाई एवं शुभकामना


Rtn. Shiva Mani Bhandari
President


Rtn. Bishnu Prasad Karmacharya
Immediate Past President


Rtn. Madhav Bhandari
President Elect


Rtn. Ibindra Raj Tiwari
Vice President


Rtn. Badri Nath Paudel
Secretory


Rtn. Prem Prasad Sharma
Joint Secretory


Rtn. Bishnu Prasad Gautam
Treasurer


Rtn. Milan Prasad Tiwari
Sergeant-At-Arm


Rtn. Ramkrishna Khanal
Director


Rtn. Bisheo Mani Bhandari
Director


Rtn. Ram Prasad Acharya
Director


Rtn. Ramjibi Banjara
Director


Rtn. Hari Bdr Budhathoki
Director


Rtn. Prashanta Raj Dhamala
New Generation Contact Person


Rtn. Surya Prasad Tiwari
Editor


Rtn. Umesh Kumar Acharya
Mentor

हाम्रा आदरणीय मित्र **रो.शिवमणि भण्डारी रोटरी क्लब अफ लेखनाथ** वर्ष २०१४/१५ को अध्यक्षमा निर्विरोध चयन हुनुभएकोमा र यस संस्थाका कार्यलय प्रमुख **रो.बद्रीनाथ पौडेल** क्लबको **सचिव** तथा **रोटरी अफ द इयर** हुनुभएकोमा उहाँ लगायत सम्पूर्ण पदाधिकारीलाई सफलताको शुभकामना व्यक्त गर्दै **हार्दिक बधाई** ज्ञापन गर्दछौं ।

बाबुराम गिरी (अध्यक्ष) एवं
लेखनाथ उद्योग वाणिज्य संघ परिवार
लेखनाथ-१, भण्डारढिक

के तपाईंमा यौनसम्बन्धी समस्या छ ???

पुरुषमा देखिने
शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।

महिलाहरुमा देखिने
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबी, साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने बाँझोपना निःसन्तानको सफल उपचार

बाँच्ने समय : प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान
माता मनकामना आरोग्य केन्द्र तथा सेक्सोलोजिस्ट डाक्टर्स क्लिनिक
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९९४८, ९८४६०४११३१, ९८०४१७२५३१

तुरुन्त आवश्यकता

यस स्पार्क बि.एण्ड डि. हस्पिटलका लागि निम्न पदका कर्मचारीहरुको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिहरुले आफ्नो वायोडाटा सहित सूचना प्रकाशित भएको मितिले एक हप्ताभित्र सम्पर्क राख्नुहोला ।

क्र.सं.	पद	संख्या	योग्यता
१)	रिसेप्सनिष्ट (पुरुष/महिला)	१ जना	+२ वा सो सरह
२)	ANM, CMA वा वैद्य(पुरुष/महिला)	केही	सम्बन्धित विषयमा दक्ष
३)	मसाज थेरापिष्ट(पुरुष/महिला)	२ जना	१० कक्षा वा सो भन्दा माथि

सम्पर्क **स्पार्क बि. एण्ड डि. हस्पिटल**
सभागृहचोक, पोखरा-सभागृहको ठीक अगाडि (नबिल बैंक पछाडि)
फोन : ०६१-५२१४०८, ९८४६०३८३८४

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्युज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा